# साउथ अष्ट्रेलियामा इक्वल अपर्चुनिटी कानूनहरुको द्रुत गाइड

WE'RE EQUAL
हामी समान छौं

*साउथ अष्ट्रेलियामा समान अवसर (इक्वल अपर्चुनिटी) कानूनहरुले भेदभाव, यौनिक उत्पीडन र दुर्व्यवहारको सिकार (भिक्टिमाइजेसन) विरुद्ध तपाईंलाई रक्षा गर्छ।*

*यो गाइडले आफ्नो अधिकारहरु बुझ्न र तिनिहरुलाई कसरी उपयोग गर्ने भनी तपाईंलाई सहयोग गर्नेछ।*

## भेदभाव के हो?

भेदभावको अर्थ कसैलाई उनीहरुका तलका कारणले अनुचित व्यवहार गर्नु हो:

- उमेर।
- अपाङ्गता।
- घरेलु वा पारिवारिक दुर्व्यवहारको अनुभव।
- गर्भावस्था, हेरचाह र पारिवारिक जिम्मेवारीहरू।
- जाति।
- धार्मिक उपस्थिति वा पोशाक।
- नाता सम्बन्धको वैधानिक हेसियत वा पार्टनरको पहिचान।
- लिंग, अन्तरलिङ्गी स्थिति र जेन्डर पहिचान।
- यौनिक झुकाव।

भेदभाव प्रत्यक्ष हुनसक्छ, जस्तै सेवा दिन इन्कार गर्नु, वा अप्रत्यक्ष, जहाँ कुनै व्यक्तिले अन्य व्यक्तिहरु सरह उस्तै आवश्यकताहरु पूरा गर्न सक्दैन।

## यौनिक उत्पीडन के हो?

यौनिक उत्पीडन भनेको यौनिक प्रकृतिको कुनै अप्रीय आचरण हो, जसबाट अन्य व्यक्ति अपमानित, भयभित वा लज्जित हुन्छ भनी उचितरुपले अपेक्षा गरिन्छ।

उत्पीडित भएको अनुभव गर्ने व्यक्तिको दृष्टिकोणबाट यौनिक उत्पीडन निर्धारण गरिन्छ। एउटै वा फरक लिङ्गका कुनै व्यक्तिद्धारा कोही यौनिकरुपले उत्पीडित हुनसक्छ।

## दुर्व्यवहारको सीकार (भिक्टिमाइजेसन) के हो?

दुर्व्यवहार सिकारको अर्थ कसैलाई अनुचित ब्यवहार गरिनु हो, किनभने उनीहरुले इक्वल अपर्चुनिटी एस ए (Equal Opportunity SA) मा उजूरी गर्ने जस्तै समान अवसर कानूनहरु प्रयोग गर्नु भएको थियो ।

## भेदभाव, यौनिक उत्पीडन र दुर्व्यवहारको सिकार (भिक्टिमाइजेसन) कहाँ हुनसक्छ?

इक्वल अपर्चुनिटी एक्ट १९८४ - एस ए (Equal Opportunity Act 1984 - SA) ले सार्वजनिक जीवनका क्षेत्रहरुमा सुरक्षा प्रदान गर्छ, जस्तै:

- जब तपाईं काममा हुँदा वा रोजगारीको लागि निवेदन दिंदा।
- सामानहरु र सेवाहरु खोज्नु पर्दा।
- जब बस्नको लागि ठाउँ खोज्नु पर्दा।
- शिक्षा दिइने स्थानहरुमा।
- सामुदायिक क्लबहरु र एसोसियशनहरुमा।

## तपाईंको अधिकारहरु के हुन्?

यदि तपाईंले भेदभाव, यौनिक उत्पीडन वा दुर्व्यवहारको सिकारको अनुभव गर्नु भएमा, तपाईंले इक्वल अपर्चुनिटी एस ए (Equal Opportunity SA) मा उजूरी दिन सक्नुहुन्छ।

इक्वल अपर्चुनिटी एस ए को वेबसाइटमा हेरेर, वा आफ्नो अधिकारहरु र कसरी उजूरी गर्ने भनी जानकारीको लागि हामीलाई सम्पर्क गर्नुहोस्।

सबै सोधपुछहरु र उजूरीहरु गोप्य हुनेछन्। तपाईंको व्यक्तिगत जानकारी तपाईंको अनुमतिबिना हामीलै कसैलाई पनि बताउने छैनौ।

## इक्वल अपर्चुनिटी एस ए (Equal Opportunity SA) लाई सम्पर्क गर्नुहोस्

फोन: (08) 7322 7070
कन्ट्रि कलर्स (Country Callers): 1800 188 163

यदि तपाईं अंग्रेजी बाहेक अन्य भाषामा कुराकानी गर्न चाहनु हुन्छ भने, कृपया इन्टरप्रेटिङ्ग एण्ड ट्रान्सलेटिङ्ग सेन्टर **(Interpreting and Translating Centre) को 1800 280 203** मा सम्पर्क गर्नुहोस् र इक्वल अपर्चुनिटी एस ए (Equal Opportunity SA) सङ्ग कुराकानी गराउनको लागि भन्नुहोस्।

इमेल: Equal@sa.gov.au
वेबसाइट: www.equalopportunity.sa.gov.au

सामाजिक सञ्जालमा हामीलाई पछ्याउनुहोस्।

Nepali / नेपाली

**Government of South Australia**
Equal Opportunity SA